NSW GOVERNMENT Education Public Schools

Drive and park safely near schools

सडक सुरक्षा जानकारी

तपाईंका बालबालिका विद्यालय जाँदा र फर्कदा उनीहरुको सुरक्षा तपाईंको जिम्मेवारी हो।

विद्यालय नजिक कार चलाउदा र पार्क गर्दा सुरक्षित तरिकाले गर्नुहोस्

विद्यालय समयको शुरुआत र अन्त्यको समय विद्यालय बाहिर पैदलयात्री तथा गाडीचालकहरुका लागि व्यस्त समय हो।

निम्न कुराको याद गरेर तपाईंले आफ्ना बालबालिकालाई सुरक्षित राख्नमा मद्दत गर्न सक्नुहुन्छः

- बालबालिकालाई विद्यालय भएको सडक छेउमा छोड्ने र त्यहींबाट भेटेर घर लैजाने
- बालबालिकालाई सडकको पल्लो छेउबाट कदापि नबोलाउनुहोस् – यो एकदमै खतरनाक हुन्छ
- ४०किलोमीटर गति सीमाको विद्यालय क्षेत्रमा गाडी चलाउँदा सदैव बढि ध्यान दिनुहोस्
- सबै पार्किङ् चिन्हहरूको पालना गर्नुहोस् – यसले बालबालिकालाई सम्भव भएसम्म बढी सुरक्षित राख्न सहयोग गर्छ
- तपाईं विद्यालय द्वारसम्म हिँड्नु पर्ने अवस्था आइपरे पनि जिम्मेवार तरिकाले गाडी पार्क गर्नुहोस्
- दोहोरो पार्क कदापि नगर्नुस् – यो गैरकानुनी हो र यसले बालबालिकालाई जोखिममा राख्छ
- विद्यालय बाहिर गाडी घुमाउने- यु-टर्न वा तीन-विन्दको घुमाउरो टर्न- नगर्नुस् किनकि यसले बालबालिकाका लागि जोखिम पैदा गर्छ
- तपाईंको बालबालिकाका लागि सुरक्षित तथा नमूना पैदलयात्री र चालकको व्यवहार गरेर देखाउनुहोस्।

थप सहायताका लागि

विभागको सडक सुरक्षा शिक्षा कार्यक्रम बारे निम्न वेबसाइटमा जानुहोस् https://education.nsw.gov.au/road-safety-education वा हेर्नुहोस् https://education.nsw.gov.au र सडक सुरक्षा शिक्षा खोज्नुहोस्।

तपाईं कारमा यात्रा गर्दा तपाईंको बालबालिकाले निम्न कुरा गरेको निश्चित गर्नुहोस्:

- यदि बालबालिका ४ देखि ७ वर्षसम्मको उमेरका भएमा बुस्टर सिटको प्रयोग गराउनुस् – यो कानुनी कुरा हो
- उनीहरुको सिटबेल्ट (सोट पेटी) सहि तरिकाले लागेको छ
- कारमा सधैँ सुरक्षित ढोकाबाट भित्र पस्ने र बाहिर निस्कने गराउनुहोस् – यो कारको पछाडिको सडकपेटीतिरको ढोका हो
- कारमा कदापि एक्लै नछाड्नुहोस्।

६ महिनाको उमेरसम्मको कारको पछाडि फर्किएको स्वीकृती प्राप्त बाल सिट

६ महिना देखि ४ वर्षसम्म उमेरका लागि पछाडि वा अगाडि फर्किएको बालकको लागि स्वीकृती प्राप्त कार सिट

४ भन्दा बढी वर्षका लागि कारको अगाडिपट्टि फर्किएको स्वीकृती प्राप्त कार सिट वा बुस्टर सिट

१४५ सेन्टिमीटर वा अग्लो वयस्कको lap-sash सिटबेल्ट प्रयोग गर्न सुझाव गरिएको न्यूनतम उचाई